s

# ताराखोला गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

## आर्थिक वर्ष २०८१/०८२ दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

ताराखोला मिडिया प्रा.लि.

ताराखोला ,बागलुङ

s

# १. पृष्ठभुमी

सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ । स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्ता सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराइ पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइ जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ ।

"सार्वजनिक सुनुवाइ" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकियालाई जनाउँछ । स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाइ ग्रहण गर्न तथा जिम्मेवारी बोधको संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ ।

ताराखोला मिडिया प्रा लि संचार मार्फत स्थानिय तहमा पारदर्शिता, जवाफदेहिता, न्याय, सुशासन, सदाचार अभिबृद्धि गर्नको लागि स्थापित संस्था हो । यस संस्थाले सुचना र संचार संग सम्बन्धित बिभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । ताराखोला मिडिया प्रा लि ले सेवा प्रदायक संस्थाको सेवा प्रदान गर्ने पद्दति तथा कार्यक्रम कार्यान्वयन को विषयमा स्थानीय स्तरमा जनगुनासो सुन्ने परामर्श दिई बहुसंख्यक नागरिकहरुलाइृ मुल प्रवाहमा संलग्न गर्दै सार्वजनिक सेवा प्रदायक पद्दतिमा सुधार गरी सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्नका लागि कृयाशिल रहेको छ । सार्वजनिक सुनुवाइ यस संस्थासँग प्रत्यक्ष सरोकारको बिषय भएको कारण यो कार्यक्रम ताराखोला गाँउपालिकाको आर्थीक सहयोगमा यस संस्थाको आयोजना परामर्शदाताको रुपमा ताराखोला गाँउपालिका वडा नं २ को कार्यालय परिसरमा कार्यक्रम आयोजना गरिएको हो ।

ऐन तथा नियमावलीहरुले गरेको व्यबस्थालाई सरल तथा प्रभाबकारी ढंगले संचालन गर्न सजिलो होस भनि नेपाल सरकारले सार्वजनिक सुनुवाइ कार्यबिधि २०६७ र ताराखोला गाँउपालिकाको सार्वजनिक सुनुवाइ कार्यबिधि २०७८ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनैपनि सार्वजनिक निकायहरुले सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्नुपर्ने तथा सो कार्य कुनैपनि परामर्श, दाता संस्था वा बिज्ञहरुको सहजीकरणमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख गरिएको छ । यिनै कुराहरुलाइ ध्यानमा राख्दै ताराखोला गाँउपालिका द्धारा आ.ब **२०८१।०८२ को दोस्रो चौमासिक सम्ममा** सम्पन्न गरेका कार्यहरु तथा विषयगत शाखाहरुले कार्य सम्पादन तथा सेवाप्रवाह बारे सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन पश्चात प्राप्त बिवरण प्रतिवेदनमा समावेश गरिएको छ ।

सार्वजनिक सुनुवाइको औचित्यः

सुशासन, व्यबस्थापन र संचालन ऐन २०६४, नियामवली २०६५ ले हरेक सार्वजनिक निकायहरुले आफनो संस्थाले बर्षभरि संचालन र सम्पादन गरेका कार्यहरुको बर्षका सार्वजनिक सुनुवाइ गर्नुपर्ने उल्लेख भएको छ । ताराखोला गाँउपालिकाकाले आर्थिक बर्ष **२०८१।०८२ को दोस्रो चौमासिक** अवधिमा संचालन भएका विकास निर्माण कार्यहरु तथा गुनासोहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउ पुऱ्याउँछ ।

## २.कार्यक्रकमको उद्देश्यः

यस कार्यक्रमको मुख्य उद्देश्य ताराखोला गाँउपालिकाले आ.ब २०८०/०८१ मा ताराखोला गाँउपालिकाका ५ वटै वडामा सेवा प्रवाहबारे जनताका जिज्ञासा सरोकारवाला निकायसमक्ष पुऱ्याउने र सरोकारवाला निकायलाई थप जवाफदेही बनाउने कार्य अनुरुप सर्वजनिक सुनुवाइ कार्यक्रम आयोजना र सम्पन्न गरिएको हो ।

## यस कार्यक्रमका बिशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् :-

- पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरी सुशासनको प्रत्याभुत गर्ने ।
- ताराखोला गाँउपालिका र विषयगत शाखाहरुवाट सम्पादन गरिएका योजना, कार्यक्रमहरुको बारेमा सर्वसाधारणलाई सुसूचित गराउने ।
- ताराखोला गाँउपालिकाले सार्वजनिक सेवा प्रवाहका सम्वन्धमा सर्वसाधारणसँग प्रत्यक्ष प्रतिक्रिया लिई सम्वन्धित बिषयहरुमा प्रभावकारी सेवा प्रवाहाका लागि ध्यानाकर्षण गराउने ।

## कार्यविधिः-

- ताराखोला गाँउपालिकाले आ.ब **२०८१।०८२ को दोस्रो चौमासिक** सम्ममा पुऱ्याइरहेका सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहिहरुसंग नागरिक अभिमत तथा बर्हिगमन अभिमत फाराम भरिएको थियो ।
- सर्वेक्षण प्रश्नावली तयार : नागरिक प्रतिवेदनको नतिजा एवं सेवा सुविधा प्रवाहका विषयमा प्राप्त जनगुनासा तथा सुझावको व्यवस्थापन र स्थानीय निकायको नीति, कार्यक्रम, बजेट तथा प्रगति साथै सामाजिक सुरक्षा भत्ताका सम्वन्धमा नागरिकहरुको चासो जिज्ञासाको सम्वन्धमा अनुसुचिमा तयार गरिए अनुसारको प्रश्नावली तयार पारिएको थियो ।

- तथ्यांक तालिकीकरण, विश्लेषण तथा निष्कर्ष : प्राप्त तथ्यांकको आधारमा तालिकीकरण, विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य सम्पन्न गरियो ।

- कार्यक्रम व्यवस्थापन तथा संचालन: कार्यक्रम तोकिएको ढाँचा अनुसार सहजकर्ताले कार्यक्रम व्यवस्थापन तथा संचालन गरिएको थियो ।

- प्रतिवेदन तयारी: अनुसुचि मा संलग्न गरिएको ढाँचा अनुसारको प्रतिवेदन तयार गरिएको छ ।
- कार्यक्रम संचालनको स्थान, मिति र समय : ताराखोला गाँउपालिका ले आर्थिक बर्ष **२०८१।०८२ को दोस्रो चौमासिक सम्ममा** सम्पादन गरेका कार्यहरुको विषयमा २०८२ साल बैशाख २४ गतेका दिन ताराखोला गाँउपालिकाको **वडा नं ४ को वडा कार्यालय परिषरमा** कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रम दिउँसो १:१५ बजे देखि शुरु भइ वेलुका ४:४५ बजे सम्म संचालन गरिएको थियो ।

## ५. प्राप्त उपलब्धिहरु :

- ताराखोला गाँउपालिकाद्धारा **दोस्रो चौमासिक** सम्ममा संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाबारेमा सर्वसाधारणलाइ जानकारी प्राप्त ।
- नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवारी बोधको संस्कार बसाउने पद्दतिको विकास हुनेछ ।

- ताराखोला गाँउपालिकाको ध्यान नपुगेका स्थानहरुमा यस कार्यक्रमको माध्यमद्धारा ध्यानाकर्षण हुनेछ ।

- पारदर्शिता, जवाफदेहिता, प्रवर्धन गरी सुशासनको प्रत्याभुति गर्न गाँउपालिकाका र बिषयगत शाखाहरुलाइ ध्यानाकर्षण गराइएको ।
- चालु आ ब २०८१/०८२ को निति कार्यक्रम तथा बजेट कार्यान्वयनमा सघाउ पुर्‍याउने छ ।

## ७.कार्यक्रममा रहेको उपस्थिति

यस कार्यक्रम ताराखोला गाँउपालिका ले आर्थिक बर्ष **२०८१।०८२ को दोस्रो चौमासिक सम्ममा** सम्पादन गरेका कार्यहरु र पूर्‍याएको सेवा सुबिधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । कार्यक्रमको अध्यक्षता ताराखोला मिडिया प्रा.लि. का संयोजक महेन्द्र घर्ती (संगम) ले गर्नु भएका थियो । ताराखोला गाँउपालिकाका अध्यक्ष धन बहादुर बि क, प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बि क र गाउँपालिका उपाध्यक्ष भिम बहादुर रोका ताराखोला गाँउपालिका भित्रका क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु,ताराखोला गाँउपालिका का बिभिन्न वडाका वडाध्यक्ष तथा बिभिन्न विषयगत शाखा प्रमुखहरु,सम्बन्धित कार्यालयका प्रमुख एवम प्रतिनिधिहरु, पत्रकारहरु, ताराखोला मिडिया प्रा.लि.मा आबद्ध सदस्यहरु को उपस्थिति रहेको उक्त कार्यक्रममा १५० भन्दा बढि आम नागरिक,नागरिक समाजका

s

प्रतिनिधिहरु,बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो भने यसका विवरण अनुसूचि मा दिइएको छ ।

**८. कार्यक्रममा भएका गतिविधिहरु :**

२०८२।०१।२४ गते १:१५ बजे तारखोला मिडिया प्रा.लि. का संयोजक महेन्द्र घर्ती (संगम) ज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा ताराखोला गाउँपालिकाका वडा न ं४ का वडा अध्यक्ष तथा सामाजिक बिकास समितीका संयोजक जित बहादुर खत्रीले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको पहिलो सत्रमा ताराखोला गाँउपालिकाको आ ब **२०८१।०८२ को दोस्रो चौमासिकसम्म** मा सम्पन्न गरिएका क्रियाकलापहरुको समिक्षा तथा सो को सम्बन्धमा तयार पारीएको प्रतिबेदन प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बि क ज्युले प्रस्तुत गर्नुभएको थियो । त्यसपछि नागारिक सन्टुष्टी फारम अनुसार तयार पारीएको नागरिक प्रतिबेदनको नतिजा जनमुखी न्यूज अनलाइनको कार्यकारी सम्पादक पुर्णभद्र निउरेले प्रस्तुत गर्नु भएको थियो । दोस्रो चरणमा सहभागिहरुलाइ सार्वजनिक सुनुवाईका बारेको आचारसंहिता कार्यक्रमको सहजकर्ता नेपाल पत्रकार महासंघ बागलुङका सदस्य तथा कान्तीपुर राष्टिय दैनिकका सह सम्पादक प्रकाश बरालले जानकारी गराउनु भएको थियो ।

आचार संहिता र नागरिक सर्वेक्षण प्रतिवेदन जानकारी गराइसकेपछि ताराखोला गाँउपालिका को चालु आ ब मा समाबेश भएका मुख्य मुख्य योजना र कार्यान्वयनका संबन्धमा सार्बजनिक सुनुवाई कार्यक्रमका सहजकर्ता प्रकास बरालले राखेका प्रश्नको जवाफ तथा कार्याँन्वयनको अबस्थाका बारेमा अध्यक्ष **धन बहादुर बि क** र प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बिकले जवाफ तथा जानकारी राख्नु भएको थियो। त्यसपछि उपस्थित नागरिकहरुबाट जिज्ञासाका लागि फोरम ओपन गरिएको थियो र सहभागिहरुद्धारा आ-आफ्नो जिज्ञासाहरु राखेका थिए । सहभागिहरुले राखेका जिज्ञासाहरुका बिषयमा ताराखोला गाँउपालिकाका अध्यक्ष धन बहादुर बि क, प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बिक सम्बन्धित शाखाका प्रमुखहरु शिक्षा, स्वास्थ्य, विद्युत सहरी बिकास तथा भवन निर्माणका प्रमुखहरुले जवाफ दिदै उक्त कार्यक्रमका बारेमा समिक्षा गर्दै पारदर्शिता र जवाफदेहिपन बृद्धि गर्नका लागि चासो खबरदारी निगरानी सबै गर्नुपर्ने, नमुना गाँउपालिकाको रुपमा बिकास गराउन लागि बिभिन्न किसिमका योजनाहरु सञ्चालन भएका निर्माण भईरहेका योजनाहरुमा सबै नागरिकहरुले आ- आफ्नो तर्फबाट खबरदारी गर्नुपर्ने यो सार्वजनिक सुनुवाइमा आएका सुझाबहरुले आगामी दिनमा सबैलाइ बाटो देखाउने, सार्वजनिक सुनुवाई सुशासनका कडि हो यस्ता कार्यक्रमले तेस्रो आखांका रुपमा भुमिका खेल्दछ भन्ने बिचार ताराखोला गाँउपालिकाका अध्यक्ष धन बहादुर बि क ले व्यक्त गर्दै उठेका सबै जिज्ञासाहरुका चित्त बुझदो उत्तर दिदै गाँउपालिकामा भएका क्रियाकलाप तथा योजनाका बारेमा सबै नागरिकले चासो राख्नुपर्ने भन्दै कार्यक्रममा अध्यक्ष धन बहादुर बि क ले सार्बजनिक सुनुवाईका क्रममा उठेका बिषयबस्तु प्रति ध्यानाकार्षण हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । अन्तमा सबै सहभागिहरुलाइ धन्यवाद दिदै कार्यक्रमका अध्यक्ष महेन्द्र घर्ती (संगम) ले कार्यक्रम समापन गर्नुभएका थियो ।

s

निष्कर्ष तथा सुझाब

तारारखोला गाँउपालिकाले **आ.व २०८१।०८२ को दोस्रो चौमासिसम्म** सम्पन्न गरेका कार्यक्रमहरु तथा योजनाहरुका तथा बारेमा सार्वजनिकिकरण तथा बिषयगत शाखा र कार्यालयका बारेमा सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रम वास्तवमा पारदर्शिता तथा जवाफदेहिताका लागि गरिएको प्रतिवद्धतानै मान्नु पर्दछ। यस्ता किसिमका कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्नु गाँउपालिका मा मात्र नभइकन सम्पूर्ण सार्वजनिक निकायहरुले गर्नुपर्ने आवश्यकता देखिन्छ तथापि आजसम्म यसका प्रयोग कमै मात्रामा गरिएका पाइन्छ। देशमा स्थानीय तहका स्थापना पछि स्थानीय सरकारहरुले गर्ने कार्यहरु र आगामि योजनाहरुका बारेमा सर्वसाधारण नागरिकलाइ जानकारी गराउन तथा सेवाप्रदायकलाई नागरिकहरुबा प्राप्त भएका सुझाबहरु संकलन गरि आगामि दिनमा काम गर्नका लागि योगदान पुग्ने आशा एवम बिश्वास गरिएको छ

ताराखोला गाँउपालिकाको आर्थीक सहयोग र ताराखोला मिडिया प्रा.लि. द्धारा आयोजित दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागि रहेका बिभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, आम नागरिकहरु समेतले राखेका सुझाबहरु, प्रश्नहरु र जिज्ञासा ले गाँउपालिका को आगामी निती कार्यक्रम र योजना निर्माण तथा चालु आ.ब को कार्यक्रम कार्यान्वयन मा महत्वपूर्ण भुमिका निर्बाह गर्ने कुरामा २ मत छैन।

**कार्यक्रमको खर्च विवरण: (संलग्न बिल भरपाईको आधारमा)**

| क स | बिबरण | . जम्मा | कैफियत |
|---|---|---|---|
| १ | सर्बेक्षण पत्रचार पम्प्लेट | १२,८०० | |
| २ | सुचना प्रसारण रेडियो र अनलाइन | १४,००० | |
| ४ | आयोजक अतिथी खाना खाजा | ८,८०० | |
| ५ | सहभागी खाजा | १९,६५० | |
| ६ | स्टेशनरी | ८,५०० | |
| ७ | यातयात | १२,००० | नियमानुसार कर कट्टि गरिएको |
| ८ | सहजकर्ता | १०,००० | पारीश्रमिक कर कट्टि गरिएको |
| ९ | सहयोगी सहजकर्ता तथा टिप्पणीकर्ता तथा संचारकर्मी यातयात | १०,००० | पारीश्रमिक कर कट्टि गरिएको |
| १० | बिबिध | ४००० | |
| जम्मा खर्च | | ९९,७५० | |

s

**प्रत्यक्ष १०      अनलाइन १२      जम्मा फारम भर्ने संख्या २२**
**महिला ८      पुरुष १४   बिद्यार्थी ४   ब्यबसायी ४   कर्मचारी ४ कृषक ८**
**बैदेशिक रोजगारीमा रहेका २**

**समग्र अभिमतको सारंश प्रतिशतमा**

**आफुलाइ ठिक लागेको उत्तरमा** ( √ ) चिन्ह लगाउनुहोस्

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट ( **८०** )   ठीकै (**२०**)   असन्तुष्ट ( )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (७०)   ठीकै (२५)   असन्तुष्ट (५)

**२ सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (६०)   ठीकै (३५)   असन्तुष्ट (५)

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीका उपस्थिति, समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिका विश्वस्त हुनुहुन्छ ?

सन्तुष्ट (६५)   ठीकै (२५)   असन्तुष्ट (१०)

२.३ तपाईल सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन(१००)   एकदमै कम ( )  धेरै तिरेको ( )  भन्न चाहन्न ( )

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिन सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (७०)   ठीकै (३०)   अविश्वस्त ( )

३.२ यस कार्यालयले प्रदान गरेको सेवा बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएका छ ?

धेरै (४०)   ठीकै (६०)   गरेको छैन ( )

३.३ यस कार्यालयले विपन्न वर्गका लागि छुटयाएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ ( ५५ )   अलिअलि थाहा छ (३५)   थाहा छैन (१०)

**४ सेवाका गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यलयले दिएको जनकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (७०)   कम सन्तुष्ट (३०)   असन्तुष्ट ( )

४.२ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक (३०)  २ पटक (१०)  कामको प्रकृति हेरेर (६०)  भन्न चाहन्न( )

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयका भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (४० )   ठीकै (६०)   नराम्रो ( )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?

छ (५५) आंशिक जानकारी (४५)  कुनै जानकारी छैन ( )  भन्न चाहन्न ( )

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (६५) ठीकै (३५) खासै राम्रा छैन ( )

५.४ सञ्चालन गरिने सार्बजनिक कार्यक्रममा लक्षीत वर्गको उपस्थिती कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति (४०) ५० प्रतिशत भन्दा माथि (५०) थाहा छैन (१०)

**६ नागरिक बडापत्र/उजुरी पेटिका/ गुनासो सुन्न अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्रहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन ?

धेरै (४०) कम (५०) गरेका छैन ( ) थाहा छैन (१०)

६.२ तपाईका विचारमा सेवप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेका जस्ता लाग्छ ?

धेरै (५०) ठीकै (४०) अति कम ( ) थाहा छैन (१०)

**१ सिफारिस सम्बन्धी**

१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुका प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (५५) ठीकै पाए (४५) स्पष्ट पाइँन ( )

१.२ कुन सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिन पर्‍यो ?

दिएँ ( ) थोरै दिएँ ( ) मागेनन दिइएन पनि (१००)

१.३ त्यहाँबाट दिन सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफै (९०) मध्यस्त कर्ता वा कार्यालयकै मान्छे (१०) नेता/ठूलाबडा ( )

१.४ राजश्व, शुल्क तथा दश्तुर को-कससंग उठाउने गर्दछन ?

सबैसंग कर उठाउँछन (९५) सीमित सँगमात्र कर उठाउँछन ( ) धेरै वक्यौता रहने गरेको छ ( ) खासै थाहा छैन (५)

**२ पूर्वाधार तथा सरसफाई सम्बन्धी**

२.१ कार्याालयमा सरसफाईका अवस्था कस्तो छ ?

राम्रो ( ८२ ) ठीकै (१८) खराब ( )

२.२ तपाईको गाँउपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?

राम्रो (६०) ठीकै ( ) थाहा छैन ( ) नेता भएका ठाँउमा मात्र बिकास भाको छ (२०)

२.३ सञ्चालन गरेका योजनाहरु कतिको प्रभावकारी छन ?

प्रभावकारी छन (८५ ) ठीकै छन (१५) थाहा छैन ( )

२.४ योजनाका बिल भुक्तानी दिन व्यवस्था कस्तो छ ?

सहज (९०) ठीकै १० ) झन्झटिलो ( ) थाहा छैन ( )

२.५ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाइ रकम दिनुपर्छ ?

पर्दैन(१००) मागेर लिन्छन ( ) रकम नदिए अप्ठयारो पार्छन ( )

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाईयो ( ९० ) कहिले काँही पाइयो (१०) सोधेपनि पाइदैन

२.९ विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ (९०) सोधपछि पाइन्छ (१०) थाहा छैन

२.१० स्थानिय निकायको आचारसंहिता पालन भएको छ ?

पालन भएको छ (८५) ठीकै पालन भएको छ (१५) कति पनि पालन भएको छैन ( )

s

२.११ योजना सञ्चालन गर्दा गाँउपालिका बाट कतिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छ (८०) ठीकै सहयोग पाएको छु (२०) निरुत्साहित गरिन्छ ( )

**३ यस कार्यालयको तल दिईएका विविध पक्षहरुमा तपाईको कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध (६५)कम श्रोत उपलब्ध (२०) अति कम श्रोतउपलब्ध ( )थाहा छैन (१५)

३.२ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (९०) आवश्यक भन्दा कम छ ( ) सीप निकै कम छ ( )थाहा छैन (१०)

३.४ गाँउपालिकाको आम्दानि र खर्च सुचना पाटिमा टांसेको देख्नुभयो ?

टासेका देखेका छु (७५)कहिले काहि टाँसेका देखिन्छ (२०) खै कतै देखिएन( ) भन्न चाहन्न(५)

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ की छैन ?

छ (८०) ठीकै मूल्यांकन हुने गरेको छ (२०) थाहा छैन ( ) भन्न चाहन्न ( )

**४ पारदर्शिता सम्वन्धी**

४.१ गाँउपालिका मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ (५० )अहिले सम्म सञ्चालन भएका छैन (३०) कार्यक्रम बारे कुन जानकारी नै छैन ( ) भन्न चाहन्न (२०)

४.२ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कतिको कार्यान्वयन भएको छ ?

धेरै (३०) ठीकै ( ६० ) कम ( ) भन्न चाहन्न (२०)

४.३ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएका छ ?

संयन्त्र बनेका छ (५० )कुनै संयन्त्र बनेका छैन (४० )कुनै जानकारी छैन (१०) भन्न चाहन्न

४.४ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (४०)ठीकै जानकारी पाएको छु(२०)कम जानकारी पाएको छु (४०)भन्न चाहन्न

४.५ सार्वजनिक सुनुवाइका क्रममा उठेका प्रश्नहरुको जवाफ कत्तीको चित्त बुझ्ने गरी पाउनु भएको छ

ठीकै (४०) गोलमोटल गरी उत्तर आउछ (३०) चित्त बुझ्ने गरी जवाफ पाएको छु (३०)

४.६ योजना छनोट हुदाको प्रकृया यहाँलाइ कस्तो लागेको छ ?

टोल भेलाबाट योजना छनोट हुन्छ (३०)खासै जानकारी पाइदैन (१०) नेता तथा ठुलाबडाको पहुँचका आधारमा योजना छनोट हुन्छ (३०) आबश्यकताको प्राथमिकता हेरीदैन (३०)

४.७ वडा स्तरका कार्यालयबाट प्राप्त हुने सेवा सुविधाका बारेमा कत्तिको सन्टुष्ट हनुहुन्छ ?

सन्तुष्ट -९० ) काम परेको बेला कर्मचारी भेटीदैनन (१० ) कम सन्टुष्ट ( )

४.६ कार्यालयबाट लक्षित समुहका लागी बिनियोजन हुने कार्यक्रम तथा योजनाका बारेमा कत्तिको जानकार हुनुहुन्छ ?

प्रर्याप्त जानकारी छ (७० ) आंशिक जानकारी छ (२०) कुनै जानकारी छैन ( ) कहिले कता के कार्यक्रम हुन्छ थाहा नै पाइदैन ( १० )

**बहिर्गमन प्रतिबेदन निर्गम अभिमत** (बुदा नं ३.६.४ सँग सम्बन्धित)

ताराखोला गाँउपालिका कार्यालय तथा मातहतका कार्यालयमा देहायको कुन कामका लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस ।

क) सिफारिस लिन/पुऱ्याउन (५०)

ख) व्यक्तिगत घटना दर्ता (३० )

ग) योजना माग गर्न (२०)

ध) सूचनामूलक सामाग्री प्राप्त गर्न ( )

s

ङ)अन्य (   )

६. सेवा प्राप्त गर्न अपनाइएका प्रक्रिया के-कस्तो लाग्यो ?

अति सजिलो (५०)   ठीकै ( ५० )   लामा र झन्झटिलो (  )

नागरिक अभिमत बाट प्राप्त गाँउपालिकालाई राम्रो लागेका वा सबल पक्षहरु

- चौमासिक रूपमा सार्वजनिक सुनुवाई गरि गाँउपालीकाको प्रगतिको जानकारी दिनु राम्रो
- गाँउपालिका भित्रको स्वास्थ्य तथा शैक्षिक क्षेत्रको व्यवस्थापन राम्रो
- लघु उद्यमीहरू लाई तालिम प्रदान गरी स्थानिय सामाग्रीनिर्माण मा क्रियाशिल
- आन्तरिक आम्दानीको स्रोत राम्रो रहेको
- राजश्व लाई अनलाइन प्रणालीमा व्यवस्थापन गरिएको

**नागरिक अभिमत बाट प्राप्त गाँउपालिकालाई सुझाब तथा वा सुधार गर्नुपर्ने पक्षहरु पर्ने**

- कृषि उपजको बजारीकरणमा ध्यान दिनु पर्ने
- मोटर बाटो मर्मत संम्भार र गाडी भाडा व्यवस्थापनमा ध्यान दिनु पर्ने
- स्रोत बिनानै उधारो योजना बितरण गर्न नहुने
- प्रदेश र केन्द्र बाट संचालन हुने योजनाको स्थानिय तहवाट खासै अनुगमन हुने नगरेको
- योजना सम्झौता ढिला हुने र समयमै कार्यान्वयन हुन समस्या हुने गरेको
- वडा स्तर बाट सामाजिक सुरक्षा वितरणको व्यवस्था गरिने छ भनी निती कार्यक्रममा भएको कुरा किन कार्यान्वयन भएन
- निर्माणाधिन दलानचौर सागुबोट मोटरबाटोमा खोलाको भागमा बढी ग्याबिन जालिको काम भएको
- योजना छनोट गर्दा आबश्यकताको आधारमा गरिनु पर्ने
- ठुला योजना हरु संचालन गर्दा सुचना पार्टीको प्रभाबकारी प्रयोग नभएको

## अनुसूची ५

सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदनका ढाँचा

- सार्वजनिक सुनुवाइ आयोजना गर्ने व्यक्तिका नाम, थर र ठेगाना ताराखोला मिडिया प्रा.लि. ताराखोला बागलुङ ( सहजकर्ता **प्रकास बराल सदस्य नेपाल पत्रकार महासंघ बागलुङ साखा** ) पर्यबेक्षक/टिप्पणीकर्ता )
  **कृष्ण संयोग ( पत्रकार धौलागिरी एफ एम बागलुङ )**
  **शर्मिला रोका (समाचार संयोजक सामुदायिक रेडियो गल्कोट एफ एम )**

s

★ कार्यक्रम आयोजना स्थल: ताराखोला गाँउपालिका वडा नं ४ को कार्यालय परिषर दोगाडी )

★ कार्यक्रम आयोजना गरिएको मिति र समय : **२०८२। ०१ ।२४ दिनको ठीक १.१५ बजे**

★ कार्यक्रम संचालन गरिएको समयावधि : ३ घण्टा

## सहभाागीका प्रश्न, गुनासो तथा सुझावहरु

| क्स. | प्रश्नकर्ता , गुनासो,सुझाव दिनेको नाम थर ठेगाना | सहभागीको प्रश्न गुनासो र जिज्ञासा | जवाफ दिने पदाअधिकारीको नाम |
|---|---|---|---|
| १ | सतिस भण्डारी ताराखोला वडा नं. ४ | उपभोक्ता समितिले कति बजेट सम्मको योजना संचालन गर्न पाउछन ? कुनै योजना उपभोक्ता समिति मार्फत काम गर्ने भनि निर्णय गरेर पठाउदा पनि किन जबरजस्ती टेण्डर मा लगियो ? | प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बि क गाउँपालिका अध्यक्ष धन बहादुर बि क |
| २ | कोख बहादुर रोका | गाउँपालिकाको समेत प्रत्यक्ष शेयर लगानी रहेको ताराखोला बहुउदेश्यिय सहकारीको अबस्था के छ सहकारी बिग्रिदै गएको छ भन्ने हल्ला के हो ? | प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बि क सहकारी साखा प्रमुख उदित कुमार थापा , |
| ३ | राम बहादुर थापा | वडा न ४ को नेपानेमा रातो किताबमै नभएको कताको योजना समाबेश भयो र मोटरबाटो खनिया खासमा त्यो बाटोको उपयोग के का लागी किनकी त्यहाँ बस्ती नै छैन ? | गाउँपालिका अध्यक्ष धन बहादुर बि क ,वडा नं ४ का अध्यक्ष जित बहादुर खत्री |
| ४ | खडक बहादुर बि क | बढ्दो बसाईसराई रोकथामका लागी गाउँपालिकाको योजना के छ ? | गाउँपालिका अध्यक्ष धन बहादुर बि क |
| ५ | तिला पुन घर्ति | महिला लक्षीत कार्यक्रममा बजेट अलि बृद्धि गर्न पर्‍यो ? | गाँउपालिका उपाध्यक्ष भिम बहादुर रोका |
| ६ | सहजकर्ता | गाउँपालिकाको योजना अनुगमन र मुल्यांकनको पाटो के कस्तो रहेको छ ? | गाँउपालिका उपाध्यक्ष भिम बहादुर रोका |
| ७ | लिखित प्रश्न | निर्माणाधिन हाईड्रोपाबरले धस्मर हुदै करिमेला जाने मोटरबाटो र सबदाह स्थल समेत प्रभाबित छ यसको क्षतिपुर्तीका लागी गाउँपालिकाले के सोचेको छ ? | गाउँपालिका अध्यक्ष धन बहादुर बि क |
| ९ | सहजकर्ताको प्रश्न | गाउँपालिका भित्र संचालन भएका ढुंगा खानीको ब्यबस्थापनका लागी गाउँपालिकाको योजना के छ ? | गाउँपालिका अध्यक्ष धन बहादुर बि क |
| १० | सहजकर्ताको प्रश्न | पालिकाको बेरुजु कम गर्न के उपाय अबलम्बन गरिएको छ? | प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल बि क र लेखा अधिकृत बिष्णु प्रसाद रेग्मी |

## कार्यक्रमका सबल पक्षहरु

आयोजकबाट सबै कार्यक्रम प्रत्यक्ष प्रसारण गरिएको

सबै बिषयगत साखाहरुको प्रगति झल्कने गरी प्रतिबेदन आएको

सबै दलका प्रतिनिधि तथा नागरिकको उल्लासमय सहभागिता रहेको

कार्यक्रममा सहभागी हुन नसक्नेहरु नागरिक अभिमत फारमको अनलाईन र प्रत्यक्ष फारम भरेर सहभागिता जनाएका

# सार्वजनिक सुनुवाइ कार्यक्रम सहजकर्ताको प्रतिवेदन

**प्रकाश बराल, उपसम्पादक, कान्तिपुर दैनिक**

## सार्वजनिक सुनुवाइको परिचय

स्थानीय सरकार आम नागरिक प्रति जवाफदेही बन्नुपर्छ । संविधानले पनि हरेक सरकारी कार्यालय तथा स्थानीय सरकार पारदर्शी, उत्तरदायीत्व र जवाफदेही बन्नुपर्ने परिकल्पना छ । त्यसैले हरेक स्थानीय तहले आफ्नो कामको सार्वजनिक सुनुवाइ मार्फत आम नागरिकलाई सूचना दिनुपर्छ । एकाध बाहेक अधिकांसल आजकल सार्वजनिक सुनुवाई गरेरै नीति, कार्यक्रम, खर्च र भएका क्रियाकलाप बारे जानकारी दिने क्रम शुरु भएको छ ।

ताराखोला गाउँपालिकाले चालु आर्थिक बर्षको दोश्रो चौमासिकको पहिलो सार्वजनिक सुनुवाई सम्पनन गरेको छ । वडा नं ४ को दोगाडीलाई कार्यस्थल बनाएपनि यहाँ पालिका स्तरीय सुनुवाई भएको थियो । पालिका भरका बिषयमा आम नागरिकलाई प्रश्न गर्ने अबसर पनि दिइएको थियो । जनमुखी न्युन प्रकाशित गरिरहेको ताराखोला मिडिया प्रालिको आयोजना र गाउँपालिकाको आर्थिक सहयोगमा सुनुवाई गरिएको थियो ।

## क्रियाकलाप

सुनुवाईमा गाउँपालिकाले सम्पादन गरेका कार्यक्रम र चालुआर्थिक बर्ष अनुमान गरिएका बजेट शिर्षक, ती शिर्षक अनुसारको खर्च बिवरण र गर्न नसकेका काम बारे प्रमुख प्रशासकीय अधिकृत सूर्यलाल बिश्वकर्माले जानकारी गराउनु भयो । त्यसपछि सवाल जवाफ खण्ड शुरु भयो ।

ज्नमुखी न्युजका कार्यकारी सम्पादक पुर्णभद्र निउरेले नागरिक सन्तुष्टी सर्भेक्षण फारमको प्रतिवेदन प्रस्तुत गर्नु भयो । ताराखोला मिडिया प्रालिका अध्यक्ष महेन्द्र घर्ती संगमको अध्यक्षता, गाउँपालिका अध्यक्ष धनबहादुर बिक, उपाध्यक्ष भीमबहादुर रोका र प्रमुख प्रशासकीय अधिकृत सूर्यलाल विश्वकर्मा सहित वडा अध्यक्ष, कार्यपालिका सदस्य वडा सदस्यहरु, वडा सचिवहरु, कर्मचारी तथा शाखा प्रमुखहरु सहभागि हुनुभयो । पहिलो चरणको कार्यक्रम पत्रकार खगेन्द्र विश्वकर्माले संचालन गर्नु भयो भने सवाल जवाफ खण्ड पत्रकार प्रकाश बरालले संचालन गर्नु भयो ।

त्यसपछि आम नागरिकबाट प्रश्न लिने काम शुरु भयो । स्थानीय सरकार संचालन ऐन २०७४, सूचनाको हक सम्बन्धी ऐन लगायतले सार्वजनिक निकाय जिम्मेवार, पारदर्शी र सूचना प्रवाहमा सचेत बन्नुपर्ने प्रावधान राखेको छ । आम नागरिकले सार्वजनिक सरोकारका बिषय जान्न पाउने अधिकार समेत छ । संविधानले दिएको सूचनाको हक तथा अन्य कानूनले पनि बेला बेलामा सूचना प्रवाह भैरहनुपर्ने व्यवस्था गरेको छ ।

तराखोला गाउँपालिका भौगोलिक रुपमा बिकट भएकोले अधिकांस जिज्ञाशा सडक, खानेपानी, शिक्षा र स्वास्थ्य बिषयमा उठेका थिए । किसानहरुले पनि कृषिको बिकास गर्दै रोजागरी सिर्जना गर्नुपर्ने तथा उत्पादनको बजारीकरणमा पालिकाले साथ दिनुपर्ने माग समेत गरेका थिए ।
पहिलो प्रश्नको रुपमा सनिस बहादुर भण्डारीले उपभोक्ता समितिले कति बजेट सम्मको काम गर्न पाउने हो भन्ने प्रावधान बारे प्रश्न गर्नु भयो । त्यस्तै टोल भेलाले काम गर्न खोजे किन नदिने ? तिनचुलेको बिकासकालागि डिपिआर बनाएको कुरा के भयो ? जस्ता प्रश्न गर्नु भयो ।
जवाफमा अध्यक्ष धनबहादुर बिकले डिपिआर अन्तिम चरणमा पुगेको बताउनु भयो भने प्रमुख प्रशासकीय अधिकृत सूर्यलाल बिकले उपभोक्ता समितिले काम गर्न पाउने तर योगदान लगायतका बिषयमा समस्या आउँदा केही  योजना ठेक्कामा गएको बताउनु भयो भने कतिपय काम उपभोक्ताले गरिरहेको जानकारी दिनुभयो ।

त्यसबाहेक प्रश्नकर्ताहरुले ताराखोलाका हाइड्रो निर्माण गर्दा घाट अव्यवस्थित भएको, धस्मर जाने सडक बिग्रेकोले कहिले बनछ भन्ने जिज्ञाशा पनि राखे । शिक्षकहरुले मासिक तलब पाउने व्यवस्था कहिले  हुन्छ ? स्वास्थ्य संस्थामा भनेको बेला औषधी नपाएको, स्वास्थ्य बीमामा उल्लेख भएका औषधी नपाएको समेत गुनासो पनि गरे । सामुदायिक वनमा काठ निकासी गर्न समस्या भएको, ढुंगाखानीले वातावरण प्रदुषण भएको र वातावरण बिनासमा गाउँपालिकाले के काम गरेको छ भन्ने प्रश्न पनि गरे ।

पालिकाको सवारी साधन कति छन् ? ती साधन को दुरुपयोग बढेकोले नियन्त्रण गर्नुपर्ने जस्ता सवाल पनि उठेका थिए । पालिका स्तरीय अनुगमन समितिको काम के भैरहेको छ ? भन्ने जिज्ञाशामा उपाध्यक्ष भीमबहादुर रोकाले नियमित रुपमा योजनाको अनुगमन गरेर मात्र भुक्तानी प्रकृया मिलाएको बताउनु भयो । साथै न्यायिक समितिको काम कारवाही बारे पनि रोकाले जानकारी दिनुभयो ।

**सार्वजनिक सुनुवाइको औचित्य**

स्थानीय सरकार ले आम नागरिकको हितमा काम गर्नुपर्छ । तर गाउँपालिकाले काम गर्दै गर्दा आम नागरिकको पनि दायित्व हुन्छ । साथै नागरिकले व्यक्तिगत समस्या पनि सुनुवाईको बिषय नबनाए राम्रो हुन्छ । तर सार्वजनिक सम्पत्ति, शिक्षा, स्वास्थ्य, सुशासन र सडक सुरक्षा सबैको चासोको बिषय बनेको देखिथ्यो ।

**सुनुवाईका साझा बुँधा**

१) सार्वजनिक सुनुवाई नियमित र सबै वडा तहसम्म हुनुपर्छ । आम नागरिकमा जनप्रतिनिधि प्रति धेरै आसा छ । त्यो बुझ्न जरुरी छ ।

२) युवा पलायन रोक्ने कार्यक्रम र रोजगारीकोलागि उत्पादमुखी कार्यक्रममा बजेट चाहियो

३)समयमा योजना सम्झौता गर्नुपर्ने र समयमै सक्नुपर्छ भन्ने सन्देश सभामा देखियो । उपभोक्ताको हितमा काम गर्नुपर्ने बिषय उठे ।

४) सडकहरु सुरक्षित र नियमित सवारी चल्ने खालको हुनुपर्छ । वडाबाट पालिका पुग्ने जस्तै बस्तीबाट वडा  आउन पनि सहज सडक चाहियो ।

५) डिपिआर अनुसारका योजनामा मात्रै लगानी गर्दा दिगो हुने निष्कर्ष थियो ।

६) युवा पलयन रोक्नुपर्छ, पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्छ ।

**सुझाव**

युग अनुसार कागजी फर्म भर्ने पद्दती सँगै डिजिटल सेवाबाट पनि सुझाव संकलन गर्नुपर्छ । खुला रुपमा सुझाव दिंदा नागरिकले दवाव महसुस गर्दैनन् र स्वतन्त्र रुपमा आफ्नो बिचार राख्न पाउँछन् ।

पालिका भन्दा बाहिर बसेका स्थानीयले पनि डिजिटल रुपमा सुझाव दिन पाउनुपर्ने सुझाव आयो । केही नागरिकले अनलाइन मार्फतपनि सुझाव पठाएका थिए । योजना निर्माण र कार्यान्वयनमा राजनीतिक दलको सहभागिता, सुझाव र टिप्पणीको पनि सम्मिश्रण गर्नुपर्छ भन्ने मान्यता पनि स्थानीयको छ ।

समग्रतामा सार्वजनिक सुनुवाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो । वडा अध्यक्षहरु लक्षित प्रश्न पनि उठेका थिए । ती प्रश्नमा उहाँहरुले जवाफ दिनुभयो । साथै ताराखोलाको दिगो बिकास योजनामा धेरैको चासो र चिन्तन थियो । सहिद मार्ग र गलकोट जोड्ने सडक कालोपत्रे गर्नुपर्ने, रणनीतिक सडकको रुपमा म्याग्दी जोड्ने सडकको स्तरउन्नती गर्ने, स्थानीय उत्पादनको बजारीकरणमा ध्यान दिने, पर्यावरण संरक्षणमा साथ दिनुपर्ने जस्ता सुझाव पनि आए । कार्यक्रममा सहभागिले लिखित रुपमा पनि सुझाव र प्रश्न दिएका थिए । ती प्रश्नको जवाफमा ताराखोला गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने, पशुपालनमा जोड दिने, स्वास्थ्यको अवस्था सुधार गर्ने प्रतिवद्दता आएका थिए । स्वास्थ्य शाखाका प्रमुख उदित थापाले केही महिना गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत नभएकोले समस्या भएको, औषधी खरिद प्रकृया अलमल पर्दा बिरामी र नियमित दिर्घ रोगको औषधी खानुपर्नेहरु प्रभावित बनेको स्विकार गर्नु भयो । अहिले भने ती समस्या समाधान भएको उहाँको भनाइ थियो ।

स्थानीय तहको बेरुजु कम गर्ने काममा प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतले पहल गरेको उक्त कार्यक्रममा जानकारी गराइयो । त्यस बाहेक हरेक शाखाका कर्मचारीले मिलेर काम गर्दा उद्देश्य अनुसारको लक्ष्य पुरा गर्न सकिने बताउनु भयो ।

ताराखोला गाउँपालिकाले हाल सार्वजनिक पुस्तकालय निर्माण गरिरहेका, सहिद पार्क र गुरिल्ला पदमार्ग निर्माण गरिरहेकोले ती स्थानले पर्यटकीय गन्तव्य बिकास गर्न सहज बन्ने विश्वास पनि लिइएको छ । त्यस बाहेक होमस्टेहरु संचालन र व्यवस्थापनमा अगुवाई, स्थानीय उत्पादनको बजारीकरण, ब्राण्डी र लेवलिङ गर्ने काममा पहल भएको प्रमुख प्रशासकीय अधिकृत सूर्यलाल बिकले बताउनु भयो ।

सार्वजनिक सुनुवाइमा यस अधिको कार्यक्रममा भएका केही प्रतिवद्दता बारे पनि छलफल भएको थियो ।

## टिप्पणीकर्ताको सुझाब

- सार्वजनिक सुनवाईमा प्रतिबद्धता जाहेर हुने तर नागरिक सर्वेक्षण रिपोर्ट अनुसार पूरा नभएकोले पूरा गर्नुपर्ने आवश्यकता देखियो
- प्रश्नकर्ता सीमित भएको तर प्रश्न दोहोरिएको पाईयो
- कार्यक्रमको मर्म बाहिर रहेर प्रश्न वा सुझाव आएको
- महिलाको सक्रिय सहभागिता नभएको प्रश्न कर्ता तथा झब कर्ता कुनै महिला देखिनु भएन
- वडा नम्बर ४ र ५ मा करोडौं रकम खर्च भएका खेलमैदानको बारेमा अनौपचारिक कुराकानी व्यापक भएपनि औपचारिक रुपमा प्रश्न वा सुझाव नआएको
- उपयुक्त जवाफ नपाउँदा प्रश्न दोहोरिएको
- प्रश्नको उत्तर एकैपटक नआउँदा समय बढी खर्च भएको
- कार्यालय वा व्यक्तिगत भेटघाटमा गर्न सक्ने प्रश्न अथवा सुझाव कार्यक्रमको मर्म विपरित उठेको

## कार्यक्रममा व्यक्त गरिएका प्रतिवद्धताहरु

**१. सम्बन्धित साखा संग उठेका सवालका बिषयमा आगामी दिनमा क्रमश सुधार गर्दै लगिने**

**२.पुर्बाधार बिकासका कार्यक्रम नपुगेका तथा अत्याबश्यक ठाँउमा बिशेष ध्यान दिइने**

**३. शिक्षा संग सम्बन्धित बिषयहरु मा बिशेष समन्वय गरिने**

**४ लक्षित बर्गको बजेट बिनियोजन र कार्यान्वयमा बिशेष ध्यान दिईने**

## कार्यक्रमका केहि झलकहरु :
















तारखोला मिडिया प्रा.लि.








बैशाख २०८२













तयार कर्ता
पुर्ण भद्र निउरे
ताराखोला मिडिया प्रा लि